# १३ ख्रीष्ट येशूको राज्य र विधिको शासन अर्थात दश आज्ञा

*यस अध्यायका मूल पदहरू:* मत्ती ४:४,९, दानिएल २:४४, १ पत्रुस २:११, १ कोरन्थी ६:९-११, प्रकाश २२:१४,१५ र १ कोरन्थी १५:२६।

*स्मरण गर्नुपर्ने सूत्र:* ""त्यस समयपछि म र इस्राएलीहरूको बीचमा यो करार बाँध्छु वा सम्झौता गर्छु" परमेश्वरले घोषणा गर्नुभयो। तिनीहरूको दिमागमा मेरो व्यवस्था हाली दिन्छु। तिनीहरूको हृदयमा त्यो व्यवस्था कोरिदिन्छु। अनि म तिनीहरूको परमेश्वर हुनेछु र तिनीहरू मेरा जनहरू हुनेछन्।"" (यर्मिया ३१:३३ रूपान्तरित)।

विश्व विख्यात आप्पल कम्प्युटरको संस्थापक स्टिभ जबसको मृत्यु ई,सन् २०११मा भयो। उनको मृत्यु ५६ वर्षको उमेरमा भएको थियो। उनलाई क्यान्सर रोगले धेरै वर्षसम्म सताएको थियो। उनको मृत्युभन्दा केही वर्ष पहिले उनले भनेका थिए “मेरो जीवनमा सबभन्दा उत्तम र एकमात्र आविश्कार नै मृत्यु हो।" यदि हामी मृत्युको बारेमा सकारात्मकरूपमा सचेत भयौं भने यस संसारमा रहँदा भरसक्दो असल काम गरेर जिउन यसले बल प्रदान गर्दछ। अर्को अर्थमा भन्ने हो भने यस संसारमा हाम्रो जीवन छोटो छ। त्यसकारण यदि अर्थमूलक जीवन जीउन हामी चाहन्छौं भने हामी सकेसम्म सफलता हासिल गर्न अथक प्रयास जारी गर्दछौं।

तर दुर्भाग्यवस विश्वप्रसिद्ध कम्ट्युटरको साहु स्टिभ जबस् अघि हेर्नुकोसट्टा पछिल्टिर हेर्न थालेको थियो। उनको निम्ति मृत्यु नै यस संसारमा ठूलो इनाम भएको किन ठाने? तर आफ्नो जीवनको जग संसारमा गहिरो गरि गाडिन्दा जीवनको अर्थ बेकारको रहेछ भनेर उनलाई मृत्युले देखाउनु पर्दथ्यो। साँच्चिकै भनौं भने यस संसारमा हामी जे गर्छौं त्यो केवल छिपछिपे पानीमा पौडी खेलेको जस्तो हो। जीवनको गहिऱ्याईमा नगइकन सतहमामात्र तैरिरहेका हुन्छौं। हो, यस संसारमा कम्प्युटर प्रविधीको विकासको निम्ती जबसले धेरै उल्लेखनीय

कामहरू गरे। तर करौडौं वर्षको अनन्त जीवनको तुलनामा उनले के गरे त वा त्यसको अर्थ के छ त?

बाइबलले मात्र होइन यथार्थमा भन्ने हो भने वैज्ञानिकहरूले पनि यस पृथ्वी र त्यसमा भएका सबै थोकहरू ध्वस्त हुनेछ भनेर निश्कर्ष निकालेका छन्। तर वैज्ञानिकहरूले भविष्यको पुनःसंरचनाको बारेमा कुनै आशा दिलाएको छैन भने परमेश्वरले पाप र मृत्युरहित नयाँ र कहिलै नाशनहुने न त नाश हुनुपर्ने संसारको पुनः सृष्टि गर्छु भनेर कबूल गर्नुभएको छ।

यस अध्यायमा परमेश्वरको अनन्त राज्यको बारेमा र त्यस राज्यमा विधिको शासन वा दश आज्ञाको व्यवस्थाले कस्तो उल्लेखनीय भूमिका खेल्ने छ भन्ने विषयमा नियाल्नेछौं।

## १ परमेश्वरको राज्य (एफिसी २:२०)

जब परमेश्वरले प्रथम् मानव जातिको सृष्टि गर्नुभयो तब त्यसलाई प्रकृतीका यावत थोकहरूलाई आफ्नो काबुमा राख्न अधिकार दिनुभयो। सारा संसारमा आदम शासक भएर शासन गर्नुपर्थ्यो। तर उनी परमेश्वरको विधिको शासनमा बस्न नचाहेकोले वा उहाँको व्यवस्थालाई अट्टेरी भएर तोडेकाले यस पृथ्वीमा शासन गर्ने अधिकार गुमाएका थिए। यस संसारको अधिकार शत्रुको हातमा पऱ्यो। जब यस जगतका अरू संसारका प्रतिनिधीहरू परमेश्वरको सामु भेला भएका थिए त्यसबेला शैतान पनि यस पृथ्वीको प्रतिनिधी भएर त्यहाँ पुगेको थियो (अय्युब १:६)।

**यस संसारमा अदृष्य शक्ति शैतानको पञ्जामा कसरी परिरहेको छ र उसको प्रभाव कतिको शक्तिशाली छ भनेर देहायका पदहरूले देखाएको गहिरिएर सोच्नुहोस्: एफिसी २:१-३ "१ आफ्नो अट्टेरीपन र पापको कारणले तिमीहरू आत्मिक रूपमा मरेतुल्य थियौ। २ त्यस समय तिमीहरू संसारकै पापी चालमा चल्दथ्यौ। तिमीहरूले आकाशका शक्तिका मालिकलाई मान्दथ्यौ। त्यसले परमेश्वरलाई नमान्ने मानिसहरूलाई अहिले आफ्नो वशमा राखेको छ। ३ हामी पनि एकपल्ट तिनीहरूजस्तै थियौं र आफ्नै शारीरिक स्वभावका इच्छामा लागेका थियौं र आफ्ना शारीरिक स्वभाव र मनले इच्छा गरेका कुरामा नै हिंड्दथ्यौं। हाम्रो आफ्नै स्वभावमा त अरूहरूजस्तै हामीले पनि परमेश्वरको रिसमा**

पर्नुपर्ने थियो।", २ कोरन्थी ४:४ "यस युगको देवताले येशूमा विश्वास नगर्नेहरूको बुझ्ने शक्तिलाई नै अन्धो बनाइदिएको छ। ख्रीष्ट परमेश्वरकै स्वरूप हुनुहुन्छ, उहाँकै बारेमा भएको सुसमाचारबाट आउने चहकिलो प्रकाश अविश्वासीहरूले नदेखून् भनी शैतानले तिनीहरूलाई अन्धो बनाइदिएको छ।" र मत्ती ४:८,९ " ८ फेरि शैतानले येशूलाई एउटा अग्लो पहाडमा लग्यो र संसारका सबै राज्य र तिनीहरूको चमक देखाउँदै भन्यो, ९ "मलाई ढोग्नुभयो भने यी सबै राज्यहरू तपाईंलाई दिनेछु। "

शैतानले येशूलाई आफ्नो पासोमा पर्न जुन प्रयास गऱ्यो त्यसबाट धेरै कुराहरू देख्न सक्छौं। यदि येशूले केवल शैतानको अगाडि लम्पछार परेर उसको शक्तिको पूजा गरे भने यस पृथ्वीका सारा अधिकार र यश उहाँलाई दिनेछ भनेर उसले आह्वान गरेको थियो। (मत्ती ४:८,९, लूका ४:५,७)। यस संसारलाई शैतानको काबुबाट फिर्ता लिन येशू आउनुभएको थियो। तर आफ्नो जीवनलाई बाजी राखेर मात्र त्यो काम उहाँले सम्पन्न गर्न सक्नुहुन्थ्यो। कुनै कष्ट नै नभोगिकन सजिलैसँग यस संसारलाई आफ्नो अधिकारमा लिन शैतानले प्रस्ताव गरेको प्रलोभन कस्तो सजिलो थियो होला त्यो कल्पना गरौं। आफू अनेकौं कष्ट र मानिसबाट तिरस्कार भोग्नुपर्ने र अन्तमा क्रुसको निर्दयी मृत्युलाई भोग्नु पर्ने कुरो मानव अवतार लिनुभएको येशूलाई खुलस्त रूपमा थाहा थियो। केवल शैतानको अगाडि घोप्टो परेमात्र वा उसलाई आरती चढाउनुभए येशू त्यस सम्पूर्ण वेदनाबाट राहत पाउन सक्नुहुन्थ्यो र यस पृथ्वी तथा यसमा भएको यावत थोकहरू सजिलै रूपमा आफ्नै हुन्थ्यो। यदि शैतानको अगाडि येशू निहुरनुभएको भए उहाँ पनि आदमको धरापमा आफू पर्नुहुन्थ्यो। त्यसको फलस्वरुप उहाँ पनि उहाँका पिताको व्यवस्था तोडेर पापीको पङ्क्तिमा आफूलाई खडा गराउनुहुन्थ्यो। यदि येशूले त्यो नीति अपनाउनुभएको भए मुक्तिको सारा योजना भताभुङ्ग हुन्थ्यो। अनि हामी हाम्रै पापमा विलय भएर जान्थ्यौं होला।

तर येशू विजयी भएर जिइरहनुभएको थियो भन्ने ज्ञान हामीलाई थाहा छ। उहाँले विजयी हुनुभएकोले नै हामीलाई पनि विजयी जीवन यापन गराउन उहाँ कबूल गर्नुभएको छ। त्यो जीवन भनेको परमेश्वरको अनन्तको राज्यमा रहनु हो। त्यो राज्य दानियल २ अध्यायमा वाख्या गरेको राज्य हो। राजा नेबुदकनेजारले ठूलो मूर्तिको सपना देखेको थियो

र त्यस मूर्तिका भागहरू टाउकोदेखि पाइतालासम्म विभिन्न तत्वहरूले बनेका थिए। त्यस मूर्तिका पाइतालाहरू माटो र फलाम मिसेर बनेको थियो र आकाशबाट ठूलो पिण्ड आएर त्यस मूर्तिलाई चक्नाचुर पारेको थियो। त्यसको अर्थ यस संसारका सारा राज्यहरूको अन्त हुने सूचक थियो। भनिएको छ "स्वर्गको परमेश्वरले यस संसारमा आफ्नो राज्यको स्थापना गर्नुहुनेछ जुन् कहिलै पनि नाश हुने छैन। अरू कुनै पनि राष्ट्रले त्यसलाई लिन सक्नेछैन। त्यस परमेश्वरको राज्यले अरू सारा राज्यहरूको अन्त्य गरिने छ। तर उहाँको राज्य भने सदासर्वदा रहिरहनेछ।" (दानिएल २:४४ रुपान्तरित)।

दानिएल २ अध्यायमा वाख्या गरेका सुनको टाउको (बेबिलोन सभ्यता), चाँदीको छाती (मिडपर्सियाको राज्य), ढलौतको कम्मर (ग्रीक राज्य) र फलामका खुट्टाहरू (रोमी साम्राज्य)को पतन भइसकेको छ। युरोप तथा वर्तमान विश्वको राजनैतिक खिँचातानी पनि चलिरहेको छ जुन् माटो र फलाम मिसेको पाइतालाको प्रतिकले देखाउँदछ त्यो बितिरहेको छ। रोमी साम्राज्यले एकत्रित पारेको यूरोप अहिले टुक्रा टुक्रा भएको छ। अब केवल आकाशबाट पिण्ड आउर यस संसारलाई नाश गर्न मात्र बाँकि छ। भविष्यवाणी अनुसार पूरा भइसकेको र पूरा हुने गतिविधिले परमेश्वरको अनन्तकालको राज्यको प्रतिज्ञालाई आत्मसात् गरेर उहाँमाथि भरोसा राखेर जिउन कसरी सिक्ने?

## २. परमेश्वरको राज्यको नागरिकहरू (१ पत्रुस २:११)

यस संसारमा कतिपय मानिसहरू एक देशबाट अर्को देशमा गएर त्यस देशको नागरिक हुन्छ भइरहेको पाउँछौं। जब कोही मानिस नौलो देशको नागरिक हुन निर्णय गर्दछ तब आफू जन्मेको देशको नागरिकता त्याग्नु पर्छ वा त्यस देशप्रतिको बफादारिता त्याग्नु पर्छ। ऊ नयाँ देशको नियमकानूनमा आफूलाई सुम्पिन राजी हुनुपर्दछ। तर कतिपय देशहरूले अरू देशको नागरिकलाई आफू जन्मेको देशको नागरिकतालाई त्याग्न नपर्ने नियम पनि भएको पाइन्छ। त्यस मानिस आफू जन्मेको देशको नागरिकतालाई कायमै राखी नयाँ देशको नागरिकता पनि उपलब्ध गराइएको हुन्छ। त्यसको अर्थ त्यस मानिसले दुबै देशप्रति बफदारी हुने प्रतिज्ञा जारी राख्न सक्छ।

तर ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् अन्तरद्वन्धमा कोही पनि मानिसले दुईवटा नागरिकता राख्न पाउँदैन। शैतानले आफ्नो राज्यलाई सम्हाली राख्न ख्रीष्टसँग युद्ध गरिरहेको छ। हामी कि त शैतानको मातहतमा कित येशूको मातहतमा छौं। दुबै राज्यको नागरिक हामी हुनसक्दैनौं। दुष्ट र पापीको राज्यले परमेश्वरको पवित्र र धर्मात्माको राज्यलाई नियन्त्रण गर्न हजारौं वर्षदेखि युद्ध चर्काइरहेको छ। दुबै सरकारप्रति (परमेश्वर र शैतानको) एकै समयमा बफादारी हुन सम्भव छैन। हामी सबै जनाले हामी कस्को पक्षमा छौं भन्ने निर्णय लिनै पर्छ र हामीहरूको चरित्र पनि हामीले अङ्गालेको राज्य अर्थात् परमेश्वरको वा शैतानको अनुसार ढालिएको हुन्छ।

देहायका पदहरूले कोही मानिस पनि परमेश्वरको र शैतानको राज्यको नागरिक हुन सक्दैन भनेर स्पष्ट पारेका छन्। येशू र शैतानको बीचमा महान् बैचारिक द्वन्ध भइरहेको परिप्रेक्ष्यमा कसैले पनि दुई शक्तिको पक्षमा एकै समयमा उभिन सक्दैन। हामी कुन् राज्यको नागरिक हौं भन्ने देखाउन त्यो देशको नियमकानून वा व्यवस्थालाई कतिको पालन गरेको छ त्यसले देखाउँछ। त्यसैकारण के हामी परमेश्वरको विधिको शासनमा छौं कि शैतानको पापमय विधिमा छौं त्यो हामीले आत्मआलोचना गर्नु अनिवार्य छ। हेरौं येशू र शैतानको बीचमा भइरहेको भिषण संघर्षमा हामी कि त एकको साथमा कि त अर्कोको साथमा कसरी छौं भनेर हाम्रो स्वभाव अनुसार स्पष्ट पार्ने देहायका पदहरूः १ पत्रुस २:११,१२ "प्रिय हो, म तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि विदेशी र प्रवासीहरू हौ भनी जानेर तिमीहरूका आत्माको विरुद्धमा लड़ाइँ गर्ने शारीरिक अभिलाषाहरूबाट अलग रहो। १२ अन्यजातिहरूका बीचमा तिमीहरूको चालचलन असल होस्। कसैले तिमीहरूलाई कुकर्मी भनी तिमीहरूका विरुद्धमा बोले तापनि तिनीहरूले तिमीहरूका असल कामहरू देखून्, र आगमनको दिनमा तिनीहरूले परमेश्वरको महिमा गरून्।", हिब्रू ११:१३ "प्रतिज्ञा गरिएको कुरा प्राप्त नगरी यिनीहरू सबै विश्वासैमा मरे, तर टाढ़ैबाट त्यसलाई देखेर स्वागत गरी तिनीहरूले मानिलिए, कि तिनीहरू यस पृथ्वीमा परदेशी र प्रवासी थिए।", एफिसी २:१२,१३ "याद राख, तिमीहरू त्यस बेला ख्रीष्टबाट अलग, इस्राएलका नागरिक हकबाट बाहिर भएका थियौ, र प्रतिज्ञाका करारहरूबाट बिराना, आशा नभएका र यस संसारमा परमेश्वररहित

थियौ। १३ तर तिमीहरू, जो त्यस बेला ख्रीष्ट येशूबाट टाढ़ा थियौ, अब ख्रीष्टको रगतले नजिक भएका छौ।", कलस्सी १:१०-१४ " उहाँलाई पूर्ण रूपले प्रसन्न पार्ने प्रभुको योग्य जीवन बिताउँदै र प्रत्येक असल काममा फलवन्त हुँदै परमेश्वरको ज्ञानमा बढ्दैजान सक। ११ उहाँको महिमित शक्तिअनुसार आनन्दसाथ सबै सहनशीलता र धैर्यको लागि तिमीहरू सारा शक्तिसित बलिया होओ। १२ ज्योतिमा सन्तहरूका उत्तराधिकारका सहभागी हुन हामीलाई सक्षम तुल्याउनुहुने पितालाई धन्यवाद चढ़ाओ। १३ उहाँले हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो, र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ। १४ उहाँमा हाम्रो उद्धार, अर्थात् पापको क्षमा छ।", व्यवस्था ३०:१९,२० "आज म स्वर्ग र पृथ्वीलाई तिमीहरूका विरुद्धमा साक्षी राख्तछु, कि मैले तिमीहरूका अगि जीवन र मृत्यु, आशिष् र श्राप राखेको छु। अब जीवन नै रोज, ताकि तिमीहरू र तिमीहरूका बालबच्चाहरू जिउन सक, २० र परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्दै, उहाँका आज्ञा मान्दै र उहाँसँगै लीन बन्दै बाँचिरहो। किनकि परमप्रभु नै तिमीहरूको जीवन हुनुहुन्छ, र तिमीहरूका पुर्खा अब्राहाम, इसहाक र याकूबसित उहाँले दिन्छु भनी शपथ खानुभएको देशमा उहाँले तिमीहरूलाई दीर्घायु बनाउनुहुनेछ।", मत्ती ६:२४ " "कसैले दुई मालिकको सेवा गर्न सक्दैन। किनभने त्यसले एउटालाई घृणा गर्नेछ र अर्कालाई प्रेम गर्नेछ। अथवा त्यसले एउटाप्रति भक्ति राख्नेछ, र अर्कालाई त्यसले तुच्छ ठान्नेछ। तिमीहरूले परमेश्वर र धनको सेवा गर्न सक्दैन।" र प्रकाश १४:१२ "परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"

जब मानिसले येशूको पक्षमा उभिन आत्मनिर्णय गर्दछ त्यसबेला त्यसले शैतानको राज्यको विधिबाट आफ्नो पिठ्युँ फर्काएको हुन्छ। त्यो व्यक्ति अब अर्कै राज्यको नागरिक भएको हुन्छ। त्यो राज्य येशू ख्रीष्टको राज्य हो। अब त्यो मानिस येशूको राज्यको दायरामा बस्ने भएकोले उसले उहाँका नीति नियमहरू, व्यवस्था तथा दश आज्ञाहरू र उहाँका आदेशहरूप्रति बफादारी हुन आफूलाई सुम्पेको हुन्छ। येशूको नीतिमा हिंड्नेहरूलाई आफ्नो काबुमा राख्न शैतान जहिले पनि आतुरी परिरहेको हुन्छ। येशूको छत्रछायाँमा बस्ने रुचाउनेहरूलाई अनेकन् अवरोध, समस्या होला तैपनि तिनीहरू शैतानको होइन परमेश्वरप्रति

बफादार भएर बस्न प्रतिबद्धता गरिरहेको हुन्छ। शैतान यस संसारको शासक हो (यूहन्ना १२:३१)भनेर तिनीहरू सजक भइरहेको हुन्छ र परमेश्वरप्रतिको प्रेमले गर्दा तिनीहरूलाई कसैले हल्लाउन सक्दैन।

प्रायजसो विदेशी मानिसहरू नौलो देशमा वा यात्रा गरेको देशमा फरक भएर देखाइरहेका हुन्छन्। हामी सेभन्थ-डे एडभेन्टिस्टहरू पनि यस संसारमा नौलो नै भएर बाँच्न वाध्यता छ। तर कसरी हामी परमेश्वरको राज्यको नागरिक हौं भनेर देखाउने वा के देखाइरहेका छौं त?

## ३. परमेश्वरप्रतिको अगाध आस्था वा विश्वास र व्यवस्था अर्थात् दश आज्ञा (१ कोरन्थी ६:९-११)

सम्पूर्ण बाइबलको सरल मूल सार एउटै छः त्यो हो परमेश्वर प्रेमिलो वा माया गर्नुहुन्छ। उहाँको सदाशयता र अनुग्रहमा उहाँको प्रेमलाई झल्काउँछ। उहाँको असिमित शक्तिले सारा मानव जातिलाई एकै निमेषमा यस संसारबाट सखाप पार्न सक्नुहुन्थ्यो। तर उहाँको अनन्त राज्यमा रहेर अर्थमूलक जीवन बिताउनु भनेको के हो भनेर अनुभव गर्न सबैले अवसर पाउन् भन्ने हेतुले उहाँले आफ्नो धैर्यतालाई प्रयोग गर्नुभयो। अझ उँहाको प्रेमको पराकाष्ठा त आफू नै क्रुसको निष्ठुर यातना सहेर देखाउनुभएको थियो।

परमेश्वरको प्रेम उहाँको न्यायसँग पनि जोडिएको पाइन्छ। आफ्नो भविष्य आफैले निर्धारण गर्ने अवसर परमेश्वरले प्रत्येक मानिसलाई सुम्पिनुभएको छ। कोही मानिस आफ्नो आत्मनिर्णयले परमेश्वरको राज्यमा बस्न चाहन्दैन भने उसलाई परमेश्वरले जबरजस्ती उहाँको राज्यमा हुलाउनुहुन्न। जब दुष्ट र अधर्मी मानिसहरू परमेश्वरको न्यायको सिहाँसनको अगाडि उभिन्छन् तब तिनीहरूको आफ्नै रोजाईले दोषी भएर उभिएको हुन्छ। परमेश्वरको नीतिको बारेमा थाहा छैन भनेर भित्री हृदयदेखि कसैले भन्न सक्दैन। चाहे बाइबलबाट होस् कि चाहे प्रकृतिबाट होस् परमेश्वरको व्यवस्था अनुसार चल्न आधारभूत आवश्यकताहरू सबैको सामु खडा भइरहेको हुन्छ (रोमी १:१९,२० र रोमी २:१२-१६)। कसैले पनि परमेश्वरको न्यायोचित र असल नीतिमा हिंड्नु भनेको के रहेछ सो थाहै छैन भन्ने बहाना गर्ने ठाउँ छैन।

परमेश्वरको राज्यमा रहने र नरहने दुई समूहका मानिसहरू यस संसारमा हुन्छ। तिनीहरूको बीचमा अत्यन्त कडा भिन्नता हुन्छ। देहायका पदहरूले को मानिस परमेश्वरको राज्यमा पस्न सक्छ र को सक्दैन भनेर कसरी स्पष्ट पारेका छन् सो पढ्नुहोस्: १ कोरन्थी ६:९-११ "अधर्मीहरू परमेश्वरका राज्यको हकदार हुँदैनन् भन्ने के तिमीहरूलाई थाहा छैन? धोका नखाओ,अनैतिकहरू, मूर्तिपूजकहरू, व्यभिचारीहरू, समलिङ्गीहरू, पुरुषगामीहरू, १० चोरहरू, लोभीहरू, मतवालाहरू, निन्दा गर्नेहरू, लुटाहाहरू परमेश्वरका राज्यको हकदार हुनेछैनन्। ११ तिमीहरू कोही यस्तै थियौ, तर तिमीहरू धोइयौ, पवित्र पारियौ, प्रभु येशू ख्रीष्टको नाउँमा हाम्रा परमेश्वरका आत्माद्वारा निर्दोष ठहराइयौ।" र प्रकाश २२:१४,१५ "जीवनका वृक्षको हक पाउन र सहरका ढोकाहरूबाट भित्र पस्न पाऊँ भनी आफ्ना वस्त्र धुनेहरू धन्यका हुन्। १५ बाहिरचाहिँ कुकुरहरू, मन्त्रतन्त्र गर्नेहरू, व्यभिचारीहरू, हत्याराहरू, मूर्तिपूजकहरू र असत्य मन पराउने र त्यसैमुताबिक चल्नेहरू रहन्छन्।"

१ कोरन्थी ६:११ र प्रकाश २२:१४लाई एकै ठाउँमा राखियो भनेर त्यसले प्रभु येशूमा विश्वास गर्ने मानिसहरू कसरी निर्दोष साबित हुन्छ भनेर देखाउँछ। यो कुरा अत्यन्त रोचक छ। तिनीहरू दश आज्ञाको अक्षरस पालन गरेर होइन तर येशूमा विश्वास राखेर निर्दोष ठहरिएको हुन्छ (रोमी ३:२८ रूपान्तरित)। आफू कति राम्रो छु भनेर धर्मकर्म गरेर परमेश्वरलाई खुशी तुल्याउँदैन तर येशूलाई विश्वास गर्दा परमेश्वर खुशी हुन्छ र उहाँको सामु ठीक भएको देखाउँछ। उहाँलाई विश्वास र प्रेम गरेकै कारणले उहाँको विधिको दायरमा बस्न रुचाउँछन् जसको फलस्वरुप तिनीहरूले दश आज्ञालाई शिरोपर गरेर चल्न चाहना गर्दछन्।

"परमेश्वरको हुकुमी शासनले गर्दा दुष्टहरूलाई अन्यायपूर्वक स्वर्गबाट बाहिरिन्दैनन। दुष्ट तथा अधर्मीहरू आफ्नै स्वइच्छाले गर्दा परमेश्वरको राज्यमा रहन अयोग्य ठहरिएको हुन्छ। परमेश्वरको तेजस्वीमय महिमा तिनीहरूको निम्ति आगो जस्तै भतभतै पोलेको अनुभव गरिनेछ। जो येशू उद्धार पाउन् भनेर तिनीहरूको निम्ति मर्नुभयो उहाँको सामु उभिनु भन्दा बरू नाश हुन तिनीहरू रुचाएका हुन्छन्।"-एलेन जी ह्वाइट, स्टेपस् टु क्राइस्ट, पृ. १८बाट रूपान्तरित। येशूलाई पन्छाएर

दुष्ट मार्ग अपनाउन चाहने मानिसहरू स्वर्गको राज्यमा पस्न किन अयोग्य हुन्छ भनेर उपरोक्त भनाईले कसरी सावित गर्दछ?

## ४. अनन्तको राज्य (दानिएल ७:२७)

परमेश्वरले सिद्ध र सुन्दर पृथ्वी सृष्टि गर्नुभएको थियो। यस संसारमा पापको प्रवेश भयो र यस सिद्ध संसार गम्भिर रूपमा बिग्रियो। हाम्रो पापको निम्ति बलि हुन पुग्नुभएको येशूको कथाले यस संसार फेरि सिद्ध र सुन्दर रूपमा सृष्टि होस् भनेर नै मानव इतिहासमा उहाँ पस्नुभएको देखाउँछ। येशूको रगतले मोक्ष पाएकाहरू फेरि सिद्ध संसारमा रहन पाउनेछन् जहाँ प्रेमको नीतिले राज्य गर्नेछ।

जहाँ नैतिकता छ त्यहाँ मात्र प्रेमको अर्थ रहन्छ। न्यायोचित जगतमा मात्र प्रेमको मान्यता हुन्छ। तर धर्मी मानिसहरू भएको जगतमा रहनुको अर्थ तिनीहरू स्वतन्त्र वा आत्मनिर्णयको अधिकारलाई उपभोग गर्न पर्ने नै हुन्छ। त्यसले गर्दा आउने स्वतन्त्र र परमेश्वरले नयाँ सृष्टि गर्नुहुने संसारमा फेरि पापको उदय हुन्छ र भन्ने प्रश्न खडा हुन सक्छ।

कहिलै नाश नहुने संसार वा परमेश्वरको अनन्तको राज्यको अर्थ के हो? के यस जगतमा फेरि दुष्टताको उदय हुन सक्छ र? त्यसको जवाफको निम्ति देहायका पदहरू पढ्नुहोस्ः दानिएल ७:२७ “तब सम्पूर्ण स्वर्गमुनिका राज्यहरूको सार्वभौमिकता, शक्ति र महानता सर्वोच्चका मानिसहरू, अर्थात् पवित्र जनहरूलाई दिइनेछ। उहाँको राज्य अनन्तको राज्य हुनेछ, र सबै शासकहरूले उहाँको आराधना र आज्ञापालन गर्नेछन्।", यूहन्ना ३:१६ "“किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।" र प्रकाश २१:४ “उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।"

जब परमेश्वरले सारा जगतलाई सृष्टि गर्नुभयो तब उहाँले जगतलाई व्यवस्थित ढँगले चलाई राख्न नीतिनियमहरू दिनुभएको थियो। यदि ती नियमहरूमा चलियो भने सारा जगत एकजुट हुन्थे। यदि परमेश्वरको आदेशलाई उलङ्घन गरे भने त्यसको नतिजा मृत्यु हुनेछ भनेर उहाँले आदमलाई भन्नुभएको उत्पत्ति २:१७मा पाउँछौं। यस

संसारमा पापको प्रवेश गर्नुभन्दा अघि नै मृत्युको कुरा गरेको हुनाले अनन्त जीवन कस्तो शर्तमा रहिरने भनेर देखाउँछ। जबसम्म आदम परमेश्वरप्रति बफादार भएर बस्छ तबसम्ममात्र उनले अनन्त जीवनको उपभोग गर्न सकिने रहेछ।

तर पुनः सृष्टि गरिने संसारमा मृत्युको कुनै जरा हुनेछैन। त्यसको अर्थ अजम्मरी जीवन पाएर बस्ने भृएकोले हामी कहिलै पनि मर्ने छैनौं। यस बारे बाइबलमा धेरै प्रतिज्ञाहरू छन्। त्यसकारण आउने नयाँ संसारमा विद्रोह फेरि हुन्छ कि हुँदैन भन्ने तर्क निराधार छ। बाइबलको अनुसार सत्य त यो छ कि कुख्यात शैतान लुशिफरको पतन हुनेभएकोले फेरि अर्को शैतानको उदय हुने अवसर आउने छैन।

पाप तथा दुष्ट तत्व फेरि उदय हुनेछैन भनेर देहायका पदहरू खुलासा गरेकोले परमेश्वरमा भरोसा राखेर अनन्त जीवनप्रति कसरी ढुक्क हुनसक्छौं? यर्मीया ३१:३१-३४ "परमप्रभु भन्नुहुन्छ, "ती दिन आउनेछन्, जब इस्राएलको घरानासँग र यहूदाको घरानासँग म एउटा नयाँ करार स्थापना गर्नेछु। ३२ तिनीहरूका पुर्खाहरूसँग मैले बाँधेको करारजस्तै यो हुनेछैन, जब मैले तिनीहरूलाई हातमा समातेर मिश्रदेशबाट डोऱ्याएर ल्याएको थिएँ।" परमप्रभु भन्नुहुन्छ, "तिनीहरूले मेरो करार भङ्ग गरे, यद्यपि म तिनीहरूका पिता थिएँ।" ३३ परमप्रभु भन्नुहुन्छ, "ती दिनपछि म इस्राएलको घरानासँग यो करार बाँध्नेछु, तिनीहरूका मनमा मेरो व्यवस्था राखिदिनेछु,र तिनीहरूका हृदयमा त्यो लेखिदिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, र तिनीहरू मेरा प्रजा हुनेछन्। ३४ "परमप्रभुलाई चिन" भनेर अब उसो कुनै मानिसले आफ्नो छिमेकीलाई वा आफ्ना दाजुभाइलाई सिकाउनेछैन। किनकि सानादेखि लिएर ठूलासम्म तिनीहरू सबैले मलाई चिन्नेछन्," परमप्रभु भन्नुहुन्छ। "किनकि तिनीहरूका अपराधहरू म क्षमा गर्नेछु, र म तिनीहरूका पाप फेरि कहिल्यै सम्झनेछैनँ।" नहुम १:९ "...दुःख दोस्रो पटक फेरि आउने छैन।"

आफ्ना धार्मिक अनुभवमा परमेश्वरप्रति बफादार रहने मानिसहरूले येशू मसीहको राज्यले भरिनेछन्। जतिसुकै आक्रमणको सामना गर्नुपरेतापनि, जतिसुकै व्यक्तिगत दुःखकष्ट र संघर्ष गर्नुपरेतापनि र जतिसुकै वेदनामा जाकिनुपरेतापनि ती मानिसहरू परमेश्वरको आज्ञा पालन गर्ने मार्गमा हिंड्न र हृदयदेखि विश्वाससाथ सेवा गरेर बस्न राजी

भएको हुनाले तिनीहरू त्यस स्वर्गिय राज्यको नागरिक हुन योग्य ठहरिनेछ। त्यसबेला ढुङ्गाको पाटीमा होइन तर तिनीहरूको हृदयमा परमेश्वरका आज्ञाहरू लेखिने छ भनेर उहाँले नै कबूल गर्नुभएकोले उहाँका जनहरूले स्वःत त्यस्ता कामहरूमात्र गर्नेछन् जसले उहाँलाई खुशी पार्दछ। तिनीहरूको हृदय उहाँप्रतिको मोहले भरेर बस्ने भएकोले तिनीहरूको स्वभाव उहाँको विधिको शासनमा बस्न रुचाउनेछन्। ख्रीष्टको राज्यमा पाप र अधर्म पराजित हुनेछन्। त्यसबेला परमपिता सृष्टिकर्ता सनातन परमेश्वरको धार्मिकताले यस संसारमा शासन गर्नेछ।

## ५ स्वर्गमा विधिको शासन अर्थात् परमेश्वरको राज्यको व्यवस्था (प्रकाश २०:१४)

पापले गर्दा ल्याउने अरू सबै भयङ्कर नतिजाहरू भन्दा मृत्यु सब भन्दा भयभित तुल्याउने अत्यन्त खराब तत्व हो। शैतानको अस्तित्वलाई मानिसहरूले कपोलकल्पित भनेर पन्छाउन सकिन्छ होला तर अरबौं अरब मानिसहरूले भोग्नुपर्ने मृत्युबाट को भाग्न सक्छ र? (एलिया र हनोक मात्र अपवादको रूपमा मृत्युबाट भाग्न सफल भएका थिए)। एक जना चिन्तकले लेखेको थियो “हामी मानव जात पर्खालले नघेरेको शहरभित्र छौं।"

मृत्युको बारेमा बाइबलमा कस्तो न्यायिक घोषणा गरेको छ हेर्नुहोस्ः प्रकाश २०:१४ “मृत्यु र पाताल अग्नि-कुण्डमा फालिए। यो अग्नि-कुण्ड दोस्रो मृत्यु हो।" र १ कोरन्थी १५:२६ “सबैभन्दा पछि नष्ट पारिने शत्रु मृत्यु हो।"

मृत्युको शक्ति सबैलाई थाहा पाएको हुनाले यस संसारमा ख्रीष्टले आफ्नो राज्यको स्थापना गर्नुभन्दा मृत्युलाई उहाँले पहिले नाश गर्नुहुनेछ। यस कुरामा हामी अचम्म मान्नुपर्दैन।

पापसँग मृत्यु जोडिएको कुरामा कसैको दुईमत छैन। त्यसको अर्थ मृत्यु परमेश्वरको व्यवस्थासँग सम्बन्धित भएको देखाउँछ। पापको परिभाषा भनेकै परमेश्वरको व्यवस्था तोड्नु हो। परमेश्वरको विधिको शासनमा रहन नचाहँदा पापलाई निम्त्याउँछ। यदि परमेश्वरको दश आज्ञा वा व्यवस्था नै छैन भने पापको ज्ञान कहाँबाट आउँछ र? जहाँ विधिको शासन छैन वा मान्दैन त्यहाँ पापको अर्थ नै हुँदैन। पाप दश

आज्ञा वा व्यवस्थामा भर पर्छ भने दश आज्ञा वा व्यवस्था पापबाट स्वतन्त्र रूपमा खडा भइरहेको हुन्छ। पापै नभएतापनि दश आज्ञा वा विधिको शासन चलिनै रहन्छ। लुशिफरले स्वर्गमा विद्रोह मच्चाए अघिदेखि नै त्यहाँ विधिको शासन अर्थात् परमेश्वरको व्यवस्था रहिरहेको थियो।

"जब शैतानले परमेश्वरको व्यवस्थाको विरुद्धमा विद्रोह मच्चाए तब स्वर्गदूतहरूले व्यवस्था अर्थात् विधिको शासन कुनै नौलो जस्तो देखिएको थियो। स्वर्गदूतहरू कुनै नोकरचाकर जस्तो थिएन बरू तिनीहरू परमेश्वरका छोराहरू जस्ता थिए। स्वर्गमा स्वर्गदूतहरू र तिनीहरूको सृष्टिकर्ताको बीचमा सिद्ध एकता थियो।" —एलेन जी ह्वाइट, थटस् फ्रम द माउन्ट अभ ब्लेशिङ्गस्, पृ. १०९बाट रूपान्तरित।

उपरोक्त भनाईलाई गहिरिएर सोचिन्दा परमेश्वरको राज्यमा मृत्यु र पापको अनुपस्थित भयो भन्दैमा विधिको शासन अर्थात् व्यवस्थाको अनुपस्थितिको आवश्यकता छैन भन्न मिल्दैन। पृथ्वीका सारा थोकहरू सुचारू रूपमा राख्न र जगतसँग तालमेल गरिराख्न वा सम्बन्ध राख्न गुरुत्वाकर्षणको नियम अर्थात् माथिबाट तल खस्ने नियमको आवश्यकता पर्छ। त्यसै अनुरुप सन्त अर्थात् परमेश्वरका जनहरूको बीचमा सुमधुर सम्बन्ध राखी राख्न दश आज्ञा वा परमेश्वरको नैतिक व्यवस्थाको आवश्यक हुन्छ। जब परमेश्वरले उद्धार पाएकाहरूको हृदयमा उहाँको व्यवस्था कोर्नुहुन्छ तब अनन्तकालसम्म उहाँको धार्मिकतामा चलोस् भन्ने उहाँको एकमात्र उद्देष्य हो। त्यसले गर्दा उहाँको व्यवस्था वा दश आज्ञा वा आदर्श आचारसंहिता उहाँको राज्यलाई व्यवस्थित ढँगमा चालिराख्न अपरिहार्य हुन्छ। त्यसैकारण परमेश्वरको नैतिक व्यवस्थाको नीतिहरू उहाँको अनन्त राज्यमा कायमै रहन्छ भन्ने विश्वास जायजै भएको देखिन्छ। जगतमा विधिको शासनको निम्ति परमेश्वरको कानून वा विधि हुनुपर्छ भन्ने धारणा असल छैन भनेर कसले भन्न सक्छ र? तर एउटै फरक त यो छ, त्यस अनन्तको राज्यमा दश आज्ञाको कुनै पनि विन्दु तोडिने छैन जुन् यस संसारमा पापी मानिसहरूले तोडिरहेका छन्।

सिद्ध र सुमधुर वातावरणको बारेमा कल्पना गर्नुहोस्। कुनै पनि दैविक प्रकोप भन्ने हुनेछैन। शैतान र उसका मतियारहरूले हामीलाई कुनै प्रलोभन देखाइ पतित पार्न नसक्ने वातावरण, पाप र मृत्यु अनुपस्थितिको वातावरण कस्तो होला? तपाईंमा कस्तो स्वभाव छ

जसले गर्दा त्यस वातावरणमा रहन असजिलो पार्दछ? त्यसालाई गहिरिएर सोच्नुहोस् र आफूले आफूलाई नै सोध्नु होस्, के त्यो वातावरणमा बस्न म रूचाउँछु र?

## उपसंहार

थप जानकारिको निम्ती पढ्नुहोस्ः एलेन जी ह्वाइटद्वारा लिखित क्राइस्ट अबजेक्त लेशनसको पृ. ३०७-३१९मा भएको शिर्षक "विथाउट वेडिङ्ग गारमेन्ट"।

"परमेश्वरको आदर्श नीति अर्थात् दश आज्ञा अनुसार मानिस चल्न सम्भव छैन भनेर शैतानले विश्वासीहरूको दिमागमा हाली दिएको छ। हामीहरूको आफ्नै बलले परमेश्वरका आज्ञाहरूलाई पालन गर्न सक्दैन। यो तितो सत्य त हो। तर ख्रीष्ट मानव शरीर लिएर आउनुहुँदा र उहाँले परमेश्वरका आज्ञा अनुसार सिद्ध रूपमा आज्ञाकारी भएर चल्नुहुँदा उहाँले यो प्रमाणित गरेर देखाउनुभयो कि परमेश्वर र मानिस मिल्दा उहाँको प्रत्येक आज्ञालाई मान्न सकिन्छ।.....

"परमेश्वरको व्यवस्थालाई कसरी सिद्ध रूपमा पालन गर्न सकिन्छ भन्ने अनुकरणीय उदाहरण यस संसारमा येशूको जीवनले देखाउँदछ। जब परमेश्वरको सन्तान हुँ भनेर दाबी गर्नेहरू ख्रीष्टको जस्तै चरित्र वा स्वभाव अङ्गाल्छ तब तिनीहरू परमेश्वरका दश आज्ञाहरू पालन गर्न सक्षम् हुन्छन्। अनि स्वर्गको परिवारका सदस्यहरू हुन परमेश्वरले तिनीहरूमाथि भरोसा राख्न सक्नुहुन्छ। ख्रीष्टको महिमित तथा गरिमामय धार्मिक पोशाक ओढेर ती विश्वासी जनहरू जगतका राजा परमेश्वरको भोजमा सम्मिलित हुन अवसर पाउनेछन्। रगतले पखालिएको विश्वासी भिँडको बीचमा रहने अधिकार तिनीहरूले पनि पाउनेछन्।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेशनस्, पृ. ३१४, ३१५बाट रूपान्तरित।

## चिन्तनमननः

अ एलेन जी ह्वाइटले लेखेका माथिका र अरू विभिन्न उद्‌गारहरूले परमेश्वरको दश आज्ञा र अनुग्रहको बीचमा समन्वय छ भनेर कसरी देखाएको छ सो सोच्नुहोस्। ती दुवैलाई एक साथमा बुझ्न किन जरुरी

छ? जब ती दश आज्ञा र अनुग्रहलाई छुट्टाछुट्टै सिकाउँदा कस्तो बितर्क आउन सकिन्छ सो सोच्नुहोस्।

आ मृत्युको बारेमा सोचिरहँदा यस संसारमा सकेसम्म असल काम गर्न हामी परिचालित हुनुपर्छ भन्ने आभास देहान्त भइसकेको स्टिभ जबसको भनाईले हामीलाई पनि छुनुपर्छ भनेर यस अध्यायको सुरुवातमा उल्लेख गरिएको थियो। त्यस भनाईमा केहि सत्यता त छ तर त्यस भनाई आफै पूरा छैन। त्यसले मृत्युको समस्याको समाधान गर्दैन न त मृत्युभन्दा अघि ल्याउने अर्थहिन जीवनलाई सार्थक बनाउन मद्दत गर्दछ। जब स्टिभ जबसको मृत्यु भयो तब न्युयोर्कर पत्रिकामा एक आवरण चित्र छापेको थियो। त्यस चित्रमा पत्रुसले आफ्नो हातमा आईपाड लिएर स्टिभलाई स्वागत गरेको देखाइएको थियो। त्यो हेर्दा रमाइलो लाग्छ होला। तर त्यसबाट हामीले के पाठ सिक्न सक्छौं? स्वर्गमा जबसले यस संसारमा आविश्कार गरेको न त आईपाड न त कुनै थोक नै हुनेछ।